आज मिति २०८२ असोज २६ गते आईतबारका दिन बिहान ११:०० बजे राइनास नगरकार्यापालिकाको कार्यालयको हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं.(१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ८० औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

**उपस्थिति :**

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | श्री नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | श्री कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | नि.प्रमुख प्रशासकीय अधिकृत श्री पूर्ण बहादुर नेपाली | सदस्य-सचिव |

**आमन्त्रित /अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| | व.प्र.अ. श्री तुल बहादुर वि.क. | प्रशासन शाखा |
| | [illegible] पुष्पा [illegible] | ,, |
| | | |
| | | |
| | | |

**मिति २०८२/०६/२६ गतेको ८० औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:**

**बैठक पेश भएका प्रस्तावहरु**

१.आइ.ई.ई. को प्रतिवेदन प्रस्तुतीकरण सम्बन्धमा।

२.कृषि एम्बुलेन्स संचालन सम्बन्धमा ।

३.संघीय मामिला मन्त्रालयको परिपत्र सम्बन्धमा ।

४.सार्वजनिक जग्गा एकीन गर्ने सम्बन्धमा ।

५.सवारी साधनको पूर्ण निर्जीवन विमा गर्ने सम्बन्धमा ।

६.नगर अस्पतास सम्बन्धमा ।

७.नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत योजना कार्यान्वयन सम्बन्धमा ।

८.छात्रवृत्ति अध्ययनका लागि सिफारिस सम्बन्धमा ।

९.कर्मचारीको जिम्मेवारी जिम्मेवारी सम्बन्धमा ।

१०.विविध सम्बन्धमा ।

**निर्णय नं.१**

नगरक्षेत्रको ढुंगा, गिटी र बालुवा विक्री वितरण गर्ने प्रयोजनको लागि परामर्सदाता बाट स्थलगत अध्ययन गरी तयार भएको आई.ई.ई. सम्बन्धी प्रतिवेदन प्रस्तुतीकरण र छलफल पश्चात स्वीकृत गरी ढुंगा गिटी वालुवाको आय ठेक्का बन्दोबस्तीको कार्य अगाडि बढाउन निर्देशन गर्ने ।

**निर्णय नं.२**

नगरपालिकामा रहेको कृषि एम्बुलेन्स दुर्घटनामा परी मर्मत गर्ने अवधि र मर्मत पश्चात दुध ढुवानीमा प्रयोग नभएको र जनविकास सहकारी संस्थाले एम्बुलेन्स उपलब्ध गराउन माग गरेको सन्दर्भमा छलफल गर्दा अध्ययन समितिले पेश गरेको प्रतिवेदन सहित सहकारी संस्था र सरोकारवालाहरुसंग छलफल गरी आगामी बैठकमा पेश गर्ने ।

**निर्णय नं.३**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं.११३ मिति २०८२/०६/०८ को निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धी-परिपत्रको बारेमा जानकारी गराईयो । परिपत्र अनुसार जेनजी आन्दोलनका क्रममा भएका सर्वजनिक संरचनाहरुको पुननिर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, अनुत्पादक खर्च कटौती र मितव्ययीता कायम गर्ने सम्बन्धमा नगरपालिका सँग सम्बन्धित सुझावहरुलाई प्राथमिकताका साथ कार्यान्वययन गर्ने र सेवा प्रवाह तथा विकास निर्माणको कार्यलाई थप व्यवस्थित गर्ने ।

**निर्णय नं.४ :**

नगरपालिकाको स्वीकृत कार्यक्रम सार्वजनिक जग्गा नापजांच तथा सिमांकन कार्यक्रममा स्वीकृत भएको बजेटबाट कार्य अगाडि बढाउने ।

नि.प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

CamScanner

**निर्णय नं.५:**

नगरपालिका र मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा भएका सवारी साधनहरुको विवरण यकिन गरी सबै सवारी साधनको पूर्ण (कम्प्रिहेन्सिप) निर्जीवन बीमा गर्ने ।

**निर्णय नं.६:**

नगर अस्पताल निर्माण सम्पन्न भई रकम भुक्तनी समेत भईसकेकोले हस्तान्तरण गरी लिने र चालु आर्थिक वर्षको विशेष अनुदान शिर्षकमा स्वीकृत कार्यक्रम नगर अस्पतालको क्षमता अभिवृद्धि, उपकरण खरिद, कम्पाउण्डवाल, शवगृह निर्माण र फोहोरमैला व्यवस्थापन शिर्षकमा विनियोजन भएको बजेटबाट अस्पतालको गेट र कम्पाउण्ड बनाउने र सुरक्षा व्यवस्था गर्नको लागि नगरपालिकाको कर्मचारीहरुलाई खटाउने ।

**निर्णय नं.७ :**

नगरपालिकाको चालु आर्थिक वर्ष ०८२/८३ को स्वीकृत कार्यक्रम तोकिएको समयमै र प्रभावकारी कार्यन्वयनको लागि उपभोक्ता समिति गठन गर्ने, लागत अनुमान तयार गर्ने र सम्झौता गरी कार्य अगाडि बढाउने।

**निर्णय नं.८ :**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १३३ क मिति २०८२/०६/०८ को बैदेशिक अध्ययन/ तालिम छात्रवृत्तिमा मनोनयन गर्ने सम्बन्धी सूचना बमोजिम यस नगरपालिकामा वरिष्ठ प्रशासकीय अधिकृत पद, आठौ तहमा कार्यरत तुल बहादुर बि.क.ले मनोनयनका लागि निवेदन पेश गरेकोले छात्रवृत्तिमा मनोनयन गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश पोखरा र सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

**निर्णय नं.९**

नगरकार्यपालिकाको कार्यालयमा कार्यरत लेखा अधिकृत श्याम बहादुर पराजुलीको कार्य क्षमता तथा समयमै कार्य नगरेको कारण नगरपालिकाको कार्यमा समस्या उत्पन्न भएकोले निजलाई अन्य स्थानमा सरुवा गरिदिन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश पोखरामा लेखी पठाउने ।

**निर्णय नं.१० :**

नगरकार्यपालिकाको बैठक तोकिएको समयमा नै शुरु गर्ने गरी सबै सदस्यहरुले अनिवार्य रुपमा समयको पालना गर्ने र सहभागी हुन नसक्नेले बैठकको अध्यक्षलाई जानकारी गराउने ।

**निर्णय नं.११ :**

क.नगरपालिकामा आर्थिक सहायोगका लागि पेश हुन आएका निम्न आवेदकहरुलाई स्वीकृत कार्यक्रम आर्थिक सहायता शिर्षकबाट निम्नअनुसारको आर्थिक सहयोग रकम उपलब्ध गराउने।

**निम्न :**

| क्र.सं. | आवेदकको नाम थर | ठेगाना | घटना/ क्षतिको विवरण | रकम रु. |
|---|---|---|---|---|
| १ | सौभाग्य थापा | वडा नं.९ | अध्ययन/उपचार गर्न | २५,०००।०० |
| २ | सिताराम दर्जी | वडा नं.४ | मष्तिस्कघात भई उपचार गर्न | १५,०००।०० |
| ३ | तिलादेवी सापकोटा | वडा नं.४ | वर्षातले गोठ भत्केको | १५,०००।०० |

नि.प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ५ | अस्मिता अछामी | वडा नं.७ | परियोजना कार्य तयारी | १०,०००।०० |
| ६ | राम बहादुर रेग्मी | वडा नं.८ | उपचार गर्ने | १०,०००।०० |
| ७ | तिर्थ राज घिमिरे | वडा नं.२ | रोग लागी बाख्राको मरेको | ८,०००।०० |

**निर्णय नं.१२ :**

राइनास नगरपालिकाको ग १ झ ४२३ नं.को गाडी मिति २०८१/०३/१० मा दुर्घटना भएकोमा कानूनमा जुनसुकै व्यवस्था भएता पनि नगरकार्यपालिकाको कार्यालय र पिडित पक्ष बिच घाईतेको सम्पूर्ण उपचार खर्च र सवारी साधन मर्मत गर्ने सम्झौता बमोजिम घाईतेको उपचार गर्दा लागेको उपचार खर्च रु.७,४८,१४७।०० माग गरेकोमा विमाबाट सवारी मूल्यांकन र उपचार खर्चबापत रु.३,९३,४६०।४० मात्र प्राप्त भएकोमा उल्लेखित रकम दोस्रो पक्ष विमाबाट प्राप्त भएको रकमबाट अपुग हुने भएकोले उक्त अपुग हुने रकम **रु.३,५४,६८६।६० (अक्षरुपी तीनलाख चवन्नहजार छसय छयासी र पैसा साठी)** मात्र नगरपालिकाको चालु आर्थिक वर्ष ०८२/८३ को विविध खर्च शिर्षकमा विनियोजन भएको बजेटबाट भुक्तानी दिने ।

**निर्णय नं.१३ :**

नगरपालिकाको तर्फबाट राइनास बहुप्राविधिक शिक्षालयलाई दिदै आएको छात्रवृत्ति चालु आर्थिक वर्ष देखी कार्यक्रममा समावेश नभएको अवस्थामा शिक्षालय र सरोकारवालाको तर्फबाट छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिन अनुरोध भई आएकोले स्रोत व्यवस्थापन गरी कार्यक्रमलाई निरन्तरता दिने ।

**निर्णय नं.१४ :**

नगरपालिकाले गर्ने खरिद, निर्माण तथा परामर्स सेवा जस्ता कार्यहरु सम्बन्धमा रु.१ लाख भन्दा माथिको कार्य गर्दा खरिद ऐन नियमावलीमा भएको व्यवस्थामा थप पारदर्सी र प्रतिष्पर्धी बनाउन वेवसाईट र सूचना पाटी मार्फत अनिवार्य सार्वजनिक सूचना प्रकाशन गरी खरिदको कार्य गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं.१५ :**

नगरपालिकाले बाहालमा कार्यालय प्रयोजनको लागि प्रयोग गरेको राइनास नगरपालिका वडा नं.५ का शंकर पोखरेल र अनुजा खनाल तथा वडा नं.१मा अस्थायी प्रहरी पोष्ट रहेको घर भाडा सम्झौताको म्याद २०८२ असार मसान्तमा समाप्त भएको र घर भाडामा प्रयोग गर्न आवश्यक रहेकोले उक्त सम्झौताको म्याद २०८३ असार मसान्त सम्म थप गर्ने ।

**निर्णय नं.१६ :**

नगरक्षेत्रको सडकहरुमा जडान गरिएको सडक बत्ती कुनै कुनै स्थानहरुमा विग्रेको कारण नियमित विजुली आपूर्ति नभई समस्या भएकोले उक्त विग्रेको स्थानमा विजुलीको मर्मत तथा बल्व फेर्ने कार्यको लागि वडा नं.१, ३, ४, ५, ६, ७ र ८ मा शुल्क संकलन र व्यवस्थापनमा संलग्न टोल विकास संस्थाहरुको लागि बजेटको आधारमा टोल विकास समिति परिचालन, संचालन तथा क्षमता विकास शिर्षकमा विनियोजन भएको बजेटबाट टोल विकास समितिले कार्य गर्ने गरी रकम उपलब्ध गराउने र उक्त रकमबाट विजुलीको बत्ती मर्मत तथा व्यवस्थापन गर्ने गराउने ।

**निर्णय नं.१७ :**

नगरपालिकाको वडा नं.४ को बुढीखोलामा तयार भएको ल्याण्डफिल्ड पार्कमा फोहोर व्यवस्थापनको कार्य हुंदै आएकोमा फोहोरको वर्गीकरण गरी छुट्याउने कार्य भईरहेको र फोहोर व्यवस्थापनको कार्यमा स्थानीय लाई

नि.प्रमुख प्रशासकीय अधिकृत

प्राथमिकता दिने सहमति बमोजिम राइनास नगरपालिका वडा नं.४ को कार्यालयको च.नं.१९३ मिति २०८२/०५/३१ को पत्रानुसार उक्त वडा निवासी राम माया वि.क. र आशा कुमाल लाई सिफारिस गरी पठाएकोले निजहरुलाई दैनिक ज्यालादारीमा सम्झौता गरी फोहोर छुट्याउने कार्यमा लगाउने ।

नि.प्रमुख प्रशासकीय अधिकृत

खड्गा बहादुर गुरुङ
नगर प्रमुख